नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

## प्रवेश-पत्र प्रिन्ट गर्ने र त्यसमा फोटो टाँस गर्ने बारेको सूचना

यस आयोगको अध्यापन अनुमतिपत्रको परीक्षामा आवेदन भरेका उम्मेदवारहरुले प्रवेशपत्र लिने सम्बन्धमा निम्नानुसारको सूचना प्रकाशित गरिएको छ। योग्य उम्मेदवारहरुले सो अनुसार प्रवेश-पत्र प्राप्त गरी परीक्षामा सहभागी हुनु हुनेछ।

१. आयोगको वेवसाइट (www.tsc.gov.np) को दायाँ पट्टि हरियो रंगमा रहेको **Online Application** मा गई **'प्रवेश-पत्र'** लेखिएको बटनमा क्लिक गरेर खाली कोठामा आफ्नो भौचरमा रहेको **एप्लिकेशन आइ.डी. र मोबाइल** नं. Entry गरी Preview गर्ने। यो प्रवेश-पत्र तपाईले भरेको विवरणका आधारमा तयार भएको पाउनु हुनेछ।

२. प्रवेश-पत्रको विवरण ठिक देखिएमा **माथिको विवरण ठीक छ** भन्ने बटनमा √ गरेपछि मात्र प्रवेश-पत्र Print गर्न सकिनेछ। प्रवेश-पत्र Print भएपछि विवरण सच्याउन सकिने छैन।

३. आफ्नो प्रवेश-पत्रको छपाई सफा र प्रष्ट बुझिने सुनिश्चित गर्नु हुनेछ। प्रवेश-पत्र नबुझिने वा अष्पष्ट भएमा परीक्षामा सहभागी हुन कठिनाई पर्न सक्ने तर्फ सचेत रहनु होला।

४. विवरण ठिक छ भन्ने यकिन भएपछि प्रवेश-पत्रलाई Portrait ढाँचाको A4 पेपर साइजमा Print गर्नु हुनेछ।

५. प्रवेश-पत्रको निर्दिष्फ स्थानमा अनलाइन फाराम भर्दा Upload गरिएको अटो साइजको सक्कल फोटो नै टाँस गरेर निर्दिष्ट स्थानमा परीक्षार्थीले अनिवार्य रुपमा दस्तखत गर्नु पर्नेछ।

६. रोल नम्बर नभएको प्रवेश-पत्रबाट परीक्षा दिन पाइने छैन।

७. आयोगद्वारा पूर्व प्रकाशित विज्ञापनको योग्यता र शर्त विपरित परीक्षा दिएको पाइएमा सो परीक्षा जुनसुकै बखत रद्द हुन सक्नेछ।